आज मिति २०८१।०९।०१ गतेका दिन यस आठवीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवाल ज्यूको अध्यक्षता तथा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा आठवीस नगर कार्यपालिकाको १०५ औं बैठक नगरपालिकाको सभाहलमा बसि निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| क्र.स. | पदाधिकारीहरुको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तर्क बहादुर बडुवाल | प्रमुख | |
| २ | श्री कल्पना कुमारी थापा | उप प्रमुख | |
| ३ | श्री बम बहादुर रावत | सदस्य | |
| ४ | श्री कलम कामी | सदस्य | |
| ५ | श्री नगेन्द्रराज कार्की | सदस्य | |
| ६ | श्री टेक बहादुर माझी | सदस्य | |
| ७ | श्री बजरसिंह विक | सदस्य | |
| ८ | श्री नवराज शर्मा | सदस्य | |
| ९ | श्री जैसिंह कठायत | सदस्य | |
| १० | श्री अदल शाही | सदस्य | |
| ११ | श्री शेर बहादुर सिजापती | सदस्य | |
| १२ | श्री विर बहादुर नेपाली | सदस्य | |
| १३ | श्री सेतु नेपाली | सदस्य | |
| १४ | श्री विरेन्द्र बहादुर सावद माझी | सदस्य | |
| १५ | श्री दयाराम विक | सदस्य | |
| १६ | श्री हरिकला माझी | सदस्य | |
| १७ | श्री तारा विश्वकर्मा | सदस्य | |
| १८ | श्री विमला बि क | सदस्य | |
| १९ | श्री हजुरा भण्डारी | सदस्य | |
| २० | श्री दिल बहादुर शाही | सदस्य सचिव | |

२१ श्री वरकत बहादुर विश्वकर्मा [illegible]

आठबीस नगरपालिकाको मिति २०८१ पौष १ गते बसेको १०५ औं बैठकका निर्णयहरु

१. यस आठवीस नगरपालिकाको मुकाम केन्द्रमा रहेको सडक क्षेत्र बाखेकोट बजार देखि बगरखेत पलटिङ्ग सम्मको सडकमा पर्ने जग्गाहरुको लगत कट्टा गर्ने निर्णय गरियो ।

२. यस आठवीस नगरपालिका भित्रका सडकहरुको मापदण्ड अध्यायन गरी मापदण्ड निर्माण गर्न कार्यदल गठन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र हाललाई आठवीस नगरपालिका भित्र बनिसकेका घरहरुको हकमा अभिलेखिकरण गर्ने तथा नयाँ निर्माण हुने घरको हकमा स्थानीय सडक मापदण्ड निर्माण नभए सम्मको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) राकम बजार जिरो पोइन्ट देखि अछाम जोड्ने कर्णाली नदि पुल सम्मको सडकको केन्द्रबाट ५/५ मिटर अधिकार क्षेत्र रहने गरी र २/२ मिटर setback छोडी स्थायी संरचना निर्माण गर्ने/गराउने ।

३. यस आठवीस नगरपालिकाको ९ नं वडा कार्यालय भाडामा संचालन भैरहेको र मिति २०७९ जेठ महिना देखि हाल सम्म बाँकि रहेको घरभाडा नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

४. यस आठवीस नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण भै नसकेकोले फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण भए पश्चात सोहि बमोजिम हुने गरी हाललाई देहाय बमोजिम फोहोरमैला व्यवस्थापन शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

- होटल – रु २००
- रेष्टुरेन्ट तथा खाजा घर- रु १५०
- तरकारी पसल – १५०
- मेडिकल हल -२००
- बजारक्षेत्रका पक्किघर- १००
- बजारक्षेत्र कच्चिघर- ५०
- किराना पसल- ३०

५. यस आठवीस नगरपालिकाले उपलब्ध गराउदै आइरहेको अमिन सेवालाई व्यवस्थित गर्नलाई पछि राजस्व परामर्श समितिको बैठकबाट निर्णय भए बमोजिम हुने गरी देहाय बमोजिम

CamScanner

सेवाशुल्क तोक्ने निर्णय गरियो । साथै तोकिएको शुल्क राजस्व शाखामा दाखिला गरे पश्चात मात्र अमिन सेवा उपलब्ध हुने निर्णय गरियो ।

तपशिल

- वडा नं १ – रु ३०००
- वडा नं २ – रु २५००
- वडा नं ३ - रु २०००
- वडा नं ४ – रु १८००
- वडा नं ५ – रु ३०००
- वडा नं ६- रु २५००
- वडा नं ७- रु २०००
- वडा नं ८ –रु २५००
- वडा नं ९ – रु ३०००

६. यस आठवीस नगरपालिकाको कार्यालयले संचालनमा ल्याएको एम्बुलेन्स सेवा राकमकर्णाली स्वास्थ्य चौकीको नाममा रहेकोले उक्त एम्बुलेन्स चालकको सेवा सुविधा नगरपालिका कार्यालयले ब्यहोर्ने गरी राकमकर्णाली आधारभुत अस्पताललाई हस्तान्तरण गर्ने र एम्बुलेन्स सेवा उपलब्ध गराए बापत संकलन भएको राजस्व प्रत्येक महिनामा राजस्व शाखामा दाखिला गर्ने गराउने निर्णय गरियो ।

७. यस आठवीस नगरपालिकाको वडा नं ३ मा संचालन हुने ट्रमा सेन्टर सहितको १०० शैया अस्पताल निर्माणको लागि नगरपालिकाले जग्गाधनि संग गरिएको प्रतिबद्दता संशोधन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

८. यस आठवीस नगरपालिका वडा नं २ मा रहेको अस्थायी प्रहरी चौकी सिंगौडीको लागि आवश्यक जग्गा ए वडा निवासी श्री हर्क खनालले आफ्नो नाममा भएको कित्ता नं ..... को क्षेत्रफल .... को जग्गा प्रासिका लागि लाग्ने राजस्व छुट गर्ने निर्णय गरियो ।

९. यस आठवीस नगरपालिकाको वडा नं १ को वडा कार्यालयको नाममा जग्गा प्राप्त नभैसकेको र जग्गा धनि श्री रवि थापाको नाममा रहेको कित्ता नं ४०४ को १००० बर्ग मिटर र ,४०१ को १००० बर्ग मिटरको जग्गा तथा तुले कामीको नाममा रहेको कित्ता नं३७९ को १३०६ बर्गमिटर जग्गा प्राप्तिको प्रकृयामा रहेकोले वडा कार्यालयको भवन निर्माणको सम्झौता प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

CamScanner